परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

•वर्ष २ •अंक १३३ •२०८० असोज २७ गते शनिबार • (14-October-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com




चाडपर्वमा सडकमा कोही पनि बस्नुपर्दैन भन्ने सुन्दा सन्तोष मिलेको छ : प्रधानमन्त्री

# लालबन्दीमा प्रेस युनियनको प्रदेशिक भेला



■ टक नेपाल

बर्दिबास । सर्लाहीको लालबन्दीमा शुक्रबारदेखि प्रेस युनियन मधेस प्रदेशको दुईदिने प्रादेशिक भेला सुरु भएको छ। प्रेस युनियन मधेस प्रदेशका अध्यक्ष सत्य प्रकाश श्रेष्ठको अध्यक्षता तथा मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण यादवको प्रमुख आतिथ्यमा प्रदेशिक भेला आयोजना गरिएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि मन्त्री यादवले संगठन हाक्ने बेलामा गुटबन्दी गर्न नहुने बनाए । सबै मिलेर गएपछि चाहेको उपलब्धि सजिलै प्राप्त हुनेमा मन्त्री यादवले विश्वास व्यक्त गरे। मधेस प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री विरेन्द्र सिंहले प्रेस युनियनको समृद्धि कांग्रेसको समृद्धि भएको बताए। प्रेस युनियनमा भएका तिक्तता अन्त्य भएर सुदृढ भएर जानुको बिकल्प नरहेको बताउदै उनले सकारात्मक र गुणात्मक निर्णयको जहिले पनि आवश्यकता रहेकोले सबैले जिम्मेवारी बहन गर्नुपर्नेमा जोड दिए । प्रेस युनियनका नेपालका केन्द्रीय अध्यक्ष शिव लम्सालले यो भेला प्रेस युनियन हकहितका लागी गरिएको बताए ।

प्रेस युनियन नेपाल विधान विपरीत कुनैपनि काम नगर्ने उनले उल्लेख गरे । प्रेस युनियनलाई कसैले धम्क्याए मान्य नहुने बताए । प्रेस युनियन नेपालका केन्द्रीय उपाध्यक्ष अनिल कुमार कर्णले संगठन बलियो बनाउन त्याग गर्नुपर्ने भन्दै विवादलाई व्यावस्थापन गर्नुपर्नेमा जोड दिए। प्रेस युनियन नेपालका केन्द्रीय महासचिव दिलिप पौडेलले संगठनको हितको लागि जहिले पनि सोच्नुपर्ने बताए । कार्यक्रममा केन्द्रिय उपाध्यक्ष जीवन भण्डारी, सदस्य सुधा देव नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शिवपुरी, ललिता साह लगायतले आआफ्ना धारणा राखे । प्रेस युनियन मधेश प्रदेशका सचिव अजय साहद्वारा संचालित कार्यक्रममा स्वागत उपाध्यक्ष धिरेन्द्र प्रसाद साहले गरे ।

# भारत लैजाँदै गरेको अवस्थामा प्रहरीद्वारा ५ जना वालिकाको उद्धार

■ टक नेपाल

बर्दिबास। भारततर्फ लैजाँदै गरेको अवस्थामा ५ जना बालिकालाई बारा प्रहरीले उद्धार गरेको छ । करैयामाई गाउँपालिका-१ बाट सोमबार साँझबाट हराएका ५ बालिकाको प्रहरीले उद्धार गरी परिवारको जिम्मा लगाएको हो। भारतको मोतिहारी जिल्ला, पूर्वी चम्पारण ढाका थाना विक्रमपुर गाउँ बस्ने सत्यव्रत पालको छोरा १८ को कवि कुमार पालले उनीहरूलाई भारत लैजान लागेका थिए। सोही क्रममा भारतीय एक युवकले बालिकाहरूलाई उद्धार गरी जिल्ला प्रहरी कार्यालय बारा मार्फत अभिभावकको जिम्मा लगाइएको हो । करैयाँमाई गाउँपालिकाबाट १३ वर्षीय १ जना १४ र १६ वर्षका २र२ जना वालिका एकसाथ हराएपछि अभिभावकले प्रहरीमा खबर गरेका थिए । बालिकाहरूको फोटो सहित प्राप्त सूचनापछि परिचालित प्रहरीले विभिन्न विधिबाट खोजतलास गर्ने क्रममा बुधबार अपराह्न विरगजंमा बालिकाहरू फेला परेको हो । प्रहरीको विशेष टोलीले खोज तलास गर्दै जाँदा पर्सा जिल्लाको वीरगन्ज महानगर पालिका वडा नं १० आदर्शनगर स्थित रानीसति धर्मशाला नजिकै बाट रक्सौलतर्फ जाने क्रममा उनीहरू फेला परेको जिल्ला प्रहरीका कार्यालय बाराले जनाएको छ । बालिकाहरूलाई भारत लैजान खोज्ने भारतीय युवक पक्राउ गरी उनीमाथि अनुसन्धान कार्य भई रहेको बाराका प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपानेले जानकारी दिए ।

## इजरायलबाट फर्किएका विद्यार्थी भन्छन्-

# सँगैका साथी गुमाउँदा छातीभरि पीडा छ



■ टक नेपाल

काठमाडौं। इजरायलबाट स्वेदेश फर्किएका नेपाली विद्यार्थीले हमासको आक्रमणमा सँगैका साथी गुमाउँदा अत्यन्तै पीडा भइरहेको बताएका छन्। गएराति नेपाल एयरलाइन्सको जहाजबाट त्रिभुवन विमान स्थलमा उत्रिएपछि उनीहरुले इजरायलको द्वन्द्वग्रस्त क्षेत्रमा चार दिनसम्म त्रासमा बस्दा भोगेको पीडा वर्णन गरे। सिरहा घर भएकी विद्यार्थी शोभा पासवानले इजरायलमा सँगैका साथीलाई गुमाउँदा अत्यन्तै पीढा भइरहेको बताइन्। रामपुर कृषि क्याम्पसकी विद्यार्थी पासवान सुदूर पश्चिम विश्वविद्यालयबाट सिक्दै कमाउँदै कार्यक्रमको लागि इजरायल गएकी थिइन्। 'हमासको आक्रमणपछि आकाश पूरै कालो थियो, धुँवाले ढाकिएको थियो। आक्रमणबाट साथीहरु गुमाउँदाको पीढा छातीभरी छ,' उनले भनिन्, 'हामी त बाँचेर स्वदेश आउन पार्यौं, तर सँगैका साथी गुमाउँदा जिन्दगीभर पीडा हुने भयो ।' उनले चार दिनसम्म भोकैप्यासै बंकरभित्र बसेर ज्यान जोगाएको बताइन्। आक्रमणबाट साथीहरुको मृत्यु भएको थाहा पाउँदा बंकरभित्र मानसिक रुपमा निकै कमजोर बनेको भनाई छ । 'सँगै गएको साथी राजेश स्वर्णकार र गणेश नेपालीलाई हामीले गुमायौं, विपिन जोशी भन्ने साथी गायब छ । तपाईंहरुले उसको खोजी गरि दिनुहोला । इन्टरमेटहरु गुमाउँदा कति पीडा हुन्छ म भन्न सक्दिनँ ।'






## ....सम्पादकीय

# यात्रा सहज बनाऊ

उपत्यकाबाट दशैं मान्न जानेहरुको भीड बढ्न थालेको छ । अग्रिम टिकट बुकिङ गरेसँगै उपत्यका छाड्नेको संख्या बढ्न थालेको हो । यो क्रम घटस्थापनादेखि तीव्र हुन्छ । तर सडकको दूरावस्थाको कारण सडकमार्गको यात्रा अत्यन्तै कठिन बनेको छ । उपत्यकाबाट बाहिरिने अधिकांश सवारीसाधनलाई तोकिएको दूरी पार गर्न घण्टौं लाग्ने गरेको छ । नारायणगढ-मुग्लिङ, नारायणगढ-बुटवल सडकखण्डको दाउन्ने, बुटवल-पाल्पा, बीपी राजमार्ग, अरनिको राजमार्ग, काठमाडौंदेखि दक्षिणकाली, फाखेललगायत अधिकांश सडकमा सवारी दुर्घटनाको जोखिम बढेको छ । केही दिनअघि उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र भौतिक योजना तथा यातायात मन्त्री प्रकाश ज्वालाले दशैंअघि सबै राजमार्गको सडक मर्मत गर्न, खाल्डाखुल्डी पुर्न सडक विभागलाई निर्देशन दिएका थिए । निर्देशन हालसम्म पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । ट्राफिक प्रहरीले यो वर्ष झन्डैं २५ लाख जनसंख्याले उपत्यका छाड्ने आँकलन गरेको छ । दशैंमा घर जानेको संख्या बढेसँगै राजमार्गको दयनीय अवस्था देखेर व्यवसायी दिक्क छन् । हरेक दशैंमा जोखिमपूर्ण सडकको तत्काल मर्मत गर्नुपर्ने विषय उठ्ने गरेको छ । तर सरकार सधैं मुकदर्शक बनेको छ । यात्रा सहज बनाउन सरकारले ठोस कदम चाल्नुपर्छ । उपत्यका छाड्नेले यो वर्षमात्र होइन वर्षौंदेखि सुरक्षित यात्रा गर्न सकेका छैनन् । सरकारले यस विषयमा न चासो देखाएको छ, न त सडकमार्गलाई सुविधाजनक बनाउन पहल गरेको छ । हरेक वर्षको दशैं-तिहारमा सडक मर्मतको कुरा उठ्छ तर चाडबाड सकिएपछि एक वर्षसम्म चुइँक्क बोलिँदैन । सरकारले सडकमार्गमा चेकजाँच नबढाएको होइन, खाल्डाखुल्डी पुर्न थालेको पनि महिनौं बितेको छ । तर राजमार्गमा देखिएको समस्या कहिल्यै समाधान हुन सकेन । यात्रुको सेवाको लागि नेपाल प्रहरीले १ हजार ८ सय ट्राफिक प्रहरी परिचालन गरेको छ । हरेक राजमार्गमा चेक प्वाइन्ट स्थापना गरेको छ । ट्राफिक प्रहरीले सवारीसाधन खानतलासी गर्छ तर सडकको कारण भएको समस्याको बारेमा वास्ता गरेको पाइँदैन । लामो दूरीको यात्रा गतवर्षभन्दा सुरक्षित र सुविधापूर्वक भए यसका लागि सरकारको तारिफ गर्न मिल्थ्यो । खाल्डाखुल्डी जस्ताको त्यस्तै रहने अनि प्रहरीको अनावश्यक चेकजाँचले गर्दा हैरानी खेप्नुपर्ने भएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले हरेक वर्ष सडक मर्मतको विषय उठाएको हुन्छ । शुरुमा आवाज उठाउँदा हुन्छ भन्ने सरकारले टिकट बुकिङ खुला गरेपछि वास्ता नै गर्दैन । अर्थात् व्यवसायीले जुनसुकै हालतमा सवारी चलाउनुपर्ने चेतावनी दिन्छ । सडक यात्रामा देखिएको समस्या समाधान गर्न पटक-पटक आग्रह गर्दासमेत सरकार बोल्न सकेको छैन । फलस्वरूप, लामो दूरीको यात्रा सधैं नै कष्टकर हुने गरेको छ । यसले गर्दा सवारी दुर्घटना बढ्न सक्ने देखिएको छ । यस्तो गम्भीर विषयमा सरकारले चासो नदेखाएमा सडक दुर्घटनाका घटना नबढ्ला भन्न सकिँदैन । त्यसैले तत्काल समस्या समाधान गरेर यात्रा सहज बनाउन पहल गर्नुपर्छ ।

# जनकपुरधाममा पनि सुपथ मूल्य पसल सञ्चालन



**टक नेपाल**

जनकपुरधाम । मधेश प्रदेशका आठ जिल्लाका तीन स्थानमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याइएको छ । दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मधेश प्रदेश कार्यालय, जनकपुर धामले सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ । कार्यालय प्रमुख गंगाप्रसाद साहले धनुषाको जनकपुरधाम उपमहानगरपालिकाको मुजेलिया, पर्साको वीरगंज र सिरहाको लहान बजारमा सुपथ मूल्य पसल सञ्चालन गरिएको जानकारी दिए । कार्यालयको केन्द्रीय नीतिअनुसार जिल्ला शाखा कार्यालय रहेका तीन जिल्लाका तीन स्थानमा मात्रै यही असोज २१ गतेदेखि आगामी मंसिर ३ गतेसम्मका लागि पसल सञ्चालन गरिएको साहले बताए। "चाडपर्वलाई लक्षित गरी बजार मूल्यभन्दा प्रतिकेजी रु सात छुटदिने गरी ती तीन स्थानबाट चामलको कारोबार भइरहेको छ। अहिले दैनिक सरदर १५ देखि २० जना जति नागरिक चामल किन्न आइरहनुभएको छ", साहले भने,"तर तीन जिल्लाबाहेक अन्य ठाउँमा पसल सञ्चालन नगरेको र चामल मात्रै किन राखेको भनेर नागरिक र सरोकारवालाहरुबाट धेरै गुनासो आइरहेको छ । यी गुनासाहरुलाई आगामी दिनमा सुधार्दै जानुपर्ने आवश्यकता हामीले महसुस गरेका छौ ।" उपभोक्तालाई सहुलियत मूल्यमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यसहित व्यापार कम्पनीले केन्द्रीय कार्यालय काठमाण्डुबाहेक जिल्लास्तरमा पनि हरेक वर्ष सुपथ मूल्य पसल सञ्चालन गर्दै आएको छ । कार्यालय प्रमुख साहले अरु पाँच जिल्लाबाट पनि स्टल राखेर पसल सञ्चालनमा रहेका तीन स्थानमा चामलबाहेक अन्य अत्यावश्यक खाद्यान्नलगायत दैनिक उपभोग्य सामान उपलब्ध गराउनुपर्ने माग विविध कारणले सम्बोधन गर्न नसकिएको बताए।




# तीन नेपाली चलचित्र प्रदर्शनमा




**टक नेपाल**

काठमाडौं । आजदेखि तीन नेपाली चलचित्र प्रदर्शन भएको छ । फरक परिवेश र विषयवस्तु समेटिएको ती चलचित्रले दर्शकलाई आकर्षित गर्ने विश्वास निर्माण पक्षको छ । 'परदेशी २', 'बासेन्जी' र 'कौसीद'का लक्षित दर्शकसमेत फरक रहेको निर्माण पक्षको भनाइ छ । 'गोर्खा पल्टन' र 'परदेशी'जस्ता सफल चलचित्रको निर्देशन गरिसक्नुभएका निर्देशक नारायण रायमाझीले निर्देशन गर्नुभएको तेस्रो चलचित्र हो- 'परदेशी-२' हो । अध्ययनका लागि विदेशिएका युवाको सङ्घर्ष र त्यसबाट सिर्जित पारिवारिक एवं सामाजिक संवेदनालाई आधार बनाएर तयार गरिएको चलचित्रले गाउँ र समाजकै कथा व्यक्त गर्ने उहाँले जानकारी दिनुभयो । निर्देशक रायमाझीले भन्नुभयो, "हामीले आफ्नै परिवेश र संस्कृतिलाई पर्दामा ल्याउनुपर्छ । आफ्ना कथा विश्वलाई देखाउनुपर्छ । मेरा चलचित्रले हाम्रै परिवेशको कथा व्यक्त गरिरहेका हुन्छन् ।" राजेश वंशलले निर्माण गर्नुभएको उक्त चलचित्रमा प्रकाश सपूत, वर्षा सिवाकोटी, केकी अधिकारी, प्रशान्त तामाङ, दिलीप रायमाझी, नीर शाह, रमा थपलिया, सविन बाँस्तोला, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायत कलाकारले अभिनय गर्नुभएको छ । आजैदेखि प्रदर्शनमा आएको चलचित्र 'कौसीद' मा इमान्दार शिक्षकले भोगेका पीडा देखाइएको निर्देशक कुमार भाष्करले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मैले एउटा इमान्दार शिक्षकले के-कस्ता समस्याबाट आफूलाई अगाडि बढाउन बाध्य हुन्छ भन्ने देखाएको छु । मैले चलचित्रमा उठाएको विषय केही अगाडि सडकमा समेत देखियो ।" चलचित्रमा अभिनेता भोलाराज सापकोटा, अभिनेत्री ऋचा शर्मा, रुपेश दाहाल, परीक्षित विक्रम राणा, सदिच्छा गौतम, निर्भिक भट्टराई, सागर भट्टराई, सन्दीप लोहनीलगायत कलाकारले अभिनय गर्नुभएको छ । आजैदेखि प्रदर्शनमा आएको तेस्रो चलचित्र 'बासेन्जी' अमेरिकी निर्देशक इयान स्कट क्लेमेन्टले निर्देशन गर्नुभएको हो । एक युवाको मनोविज्ञानमा आधारित चलचित्रमा अशिम निरौला, सरिता गिरी, राज शर्मा, मिथिला शर्मा, अङ्कित खड्का, प्रतीक दुलाल, निरु खड्कालगायत कलाकारले अभिनय गर्नुभएको छ ।

**विज्ञापनको लागि सम्पर्क गर्नुहोस्**

**सम्पर्क नम्बरहरु**

९८०७८२१०१४, ९८६३२१०१४

९८०४८०४७००

**टक नेपाल राष्ट्रिय दैनिक पत्रिका**

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अवसर आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। | तुला | दैनिक काममा उल्लेख्य फाइदा हुनेछ। |
| बृष | भौतिक साधन जुट्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ। | वृश्चिक | आफ्ना कमजोरी बाहिरिनाले समस्या पर्ला। |
| मिथुन | परिस्थिति अलि संघर्षपूर्ण रहला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। | धनु | परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। |
| कर्कट | निर्णय लिएर पनि परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ। | मकर | मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। |
| सिंह | समय फुर्सदिलो रहनाले भेटघाटको अवसर प्राप्त हुनेछ। | कुम्भ | काममा साथीभाइको सहयोग जुट्नेछ। |
| कन्या | दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला। | मीन | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# भारतीय मूर्ितितलाई विस्थापित गराउँदै नेपालगञ्जका मूर्तिकार



■ टक नेपाल

राँझा (बाँके) । नवदुर्गाका आकर्षक मूर्ति नेपालगञ्जमै निर्माण हुन थालेपछि भारतीय सीमावर्ती बजार जानुपर्ने बाध्यता हटेको छ। दसैंको नवदुर्गामा नेपालगञ्जका टोलटोलमा स्थापना गरिने दुर्गा भवानीका मूर्ति पछिल्लो समय स्थानीय कालीगढले नेपालगञ्जमै निर्माण गरेर बिक्री वितरण गर्न थालेका छन्। नेपालगञ्ज-८ का छोटु केवटलाई अहिले मूर्ितित बनाउन भ्याइनभ्याइ छ । नगरभवन सामुन्नेमा अस्थायी टहरा निर्माण गरेर उहाँले एक महिनादेखि मूर्तिको काम गर्दै आउनुभएको छ। घटस्थापनाको दिनसम्म माग आएका सबै मूर्ितित तयार गरिसक्नुपर्ने भएकाले यतिबेला दिनरात काम भइरहेको उहाँले बताउनुभयो । "तीस पैतीस जति मूर्ितित तयारी अवस्थामा छन् अरु त्यत्ति तयारी हुँदैछ, अहिले कामले भ्याइनभ्याइ छ", कलाकार केवटले भन्नुभयो, "आजभोलि मूर्ितित किन्न भारत जानुपर्दैन नेपालगञ्जमै ठाउँठाउँमा बन्ने गरेका छन् ।" उहाँका अनुसार, सामान्य काठ, सुथरी, पराल र माटोको मिश्रणले मूर्ितित बनाउने गरिन्छ । तर मूर्तिको सजावटका सामग्री भने भारतीय बजारबाटै आयात गरिन्छ । दसैंको समयमा केही मूर्ितित बनाउन अर्डर आउँछ भने केही आफैं बनाएर बिक्री गर्ने गरिएको छ। बाँकेको जानकी गाउँपालिका-६ कैरातीपुर निवासी राजकुमार हरिजनको दैनिकी माटोसँगै बित्छ । दिनरात उहाँ माटोबाट भगवान्का विभिन्न आकृति बनाउन व्यस्त हुनुहुन्छ । नेपालगञ्ज-कोहलपुर सडकको किनारमा निर्मित अस्थायी टिनको टहराभित्र र बाहिर यतिबेला बन्दै गरेका भगवान्को आकृति भरिभराउ छन् । साना उमेरदेखि मूर्ितित बनाउने काम गर्दै आउनुभएका उहाँको यो पुख्र्यौली पेसा हो। बाँकेको जानकी गाउँपालिकाबाहेक सदरमुकाम नेपालगञ्जमा पनि तीन चार ठाउँमा व्यावसायिक रुपमा माटोबाट भगवान्को मूर्ितित बनाएर बिक्री वितरण हुने गरेको छ। दसैं नजिकिँदै जाँदा मूर्ििततकारको दैनिकी व्यस्त भएको छ । अहिले माटोको मूर्ितित बनाउन भ्याइनभ्याइ छ । तराईमा-दसैंको बेला घटस्थापनाका दिनदेखि टोल-टोलमा माटोबाट बनेका भगवान्को मूर्तिमा पूजा गर्ने चलन छ । "पहिला घरमा सानो-सानो मूर्ितित बनाउँथ्यौं पछि ठूलो बनाउन लागेँ । दुर्गा मातालगायत सबै प्रकारको मूर्ितित बनाउने गरेको छु", हरिजनले भन्नुभयो, "नवरात्रको बेला सिजन हो । पराल, बाँस, माटो, काठ किल्ला, डोरी लाग्छ । मेहनत धेरै छ ।" उहाँका अनुसार रु २० देखि २५ हजारको एउटा मूर्ितित बिक्री गर्दा रु चारदेखि पाँच हजारसम्म नाफा हुने गर्दछ । हरिजनले आफूजस्तै अन्य छ जनालाई रोजगारीसमेत दिनुभएको छ। उनीहरुले रु १० हजारदेखि रु २० हजारसम्म पारिश्रमिक पाउने गरेका छन्। नेपालगञ्ज उपमहानगरपालिका-८ रानी तलाउ नजिकै मूर्ितित बनाउँदै आएका सन्दीपकुमार वंशकारले डेढ महिनाअघिदेखि माटोबाट तयार पारिएका देवीदेवताको आकृतिमा यतिबेला रङरोगन गर्न भ्याइनभ्याइ भएको बताउनुभयो । उहाँका अनुसार, यतिबेला कालीगढ मूर्तिरुमा देवदेवीका बाहन र उनीहरुले प्रयोग गर्ने अस्त्रको रङरोगनमा व्यस्त छन् । दुर्गा, लक्ष्मी, गणेश, कार्तिके, बाघ, मुसा, राँगा, सर्प र देवीदेवताका मूर्ितित तयार भएका छन । दुर्गा भगवती, बाघ, भैंसी, राक्षस, गणेश, लक्ष्मी, कार्तिकेलगायतका मूर्ति बानउनका लागी एक महिना अगाडि बुक गर्ने गरेको वंशकारले जानकारी दिनुभयो । मूर्ििततको लागि चाहिने औजार र सजावटका सामग्री भारती बजार रुपैडिहाबाट खरिद गरी ल्याउने गरिएको छ। बाँकेको सदरमुकाम नेपालगञ्ज, कोहलपुर, जानकी, खजुरा, डुडुवा, नरैनापुरमा समेत दसैंको भोलिपल्ट दुर्गा झाँकी निकाल्ने हुँदा मूर्ििततको माग बढ्दै गएको पाइएको छ । बाँकेमा माटोबाट मूर्ितित बनाउने मूर्ििततकार सङ्गठित हुन सकेका छैनन् । यसका कारण मूर्ििततको दर मूल्यमा पनि एकरुपता छैन । "सबैले आ-आफ्नै तरिकाले मूर्ितित बिक्री गर्ने गरेका छौं, चिने जानेको नियमित ग्राहकसँग छुट गर्ने पनि गरिएको छ", नेपालगञ्ज-७ फुल्टेक्राका मूर्तिकार मुकेश गुप्ताले भन्नुभयो, "धेरैजसो रेगुलर ग्राहक छन् तर चिनेको आधारमा एकजनालाई छुट गर्दा धेरै जनासँग घाटा खानुपरेको छ ।" हस्तकलाको क्षेत्रमा लागेका व्यक्तिलाई सरकारी निकायले चासो नदिएकोमा मूर्ििततकारको गुनासो छ । "आफैं सीप सिकेरै यहाँसम्म आएका छौं", उहाँले भन्नुभयो, "आवश्यक सीप र नयाँ प्रविधिका बारेमा जानकारी गराउने हो भने अझै राम्रो गर्न सक्ने छौं ।"

# चाडपर्वमा सडकमा कोही पनि बस्नुपर्दैन भन्ने सुन्दा सन्तोष मिलेको छ : प्रधानमन्त्री



■ टक नेपाल

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले चाडपर्वमा कोही व्यक्ति सडकमा बस्नु नपरोस् भनेर मानव सेवा आश्रमले आजदेखि सुरु गरेको मेची महाकाली उद्धार अभियानले आफूलाई निकै सन्तोष मिलेको बताउनुभएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज साँझ मेची महाकाली उद्धार अभियानमा सरिक आश्रमका अभियन्ताहरुलाई विदाई गर्नुहुँदै प्रधानमन्त्री दाहालले यो अभियानले आफूलाई हर्षित तुल्याएको र चाडपर्वका बेलामा अब असहायलाई सडकबाट उद्धार गरी आश्रय दिनु महत्वपूर्ण विषय भएको बताउनुभयो । राजनीतिक दबाब र तनावपूर्ण चुनौती मात्रै नभइ समाजसेवा झन बढी महत्वपूर्ण रहेको अनुभूति गर्ने अवसर यो कार्यक्रमले आफूलाई दिएको उल्लेख गर्दै उहाँले आश्रमको महत्व थाहा पाएसँगै सरकारका तर्फबाट सहयोग गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "आउँदो दिनमा राज्यकोतर्फबाट पनि अझै धेरै जिम्मेवारी लिनुपर्छ भन्ने मैले ठानेको छु, नेपालमा मानवसेवा र सामाजिक सेवाका निम्ति संकल्पका साथ लाग्ने व्यक्तिको कमी छैन भन्ने कुरा आश्रमले स्थापित गरेको छ, बधाई दिन चाहन्छु ।" उहाँले मेची महाकाली यात्रा पूर्ण सफलताको शुभकामना पनि दिनुभयो । सो अवसरमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले अत्यन्तै कठिन अवस्थामा रहेका दाजुभाइ दिदीबहिनी आमाबुबा र बालबालिकालाई आश्रमले संरक्षण गरिरहेकोमा प्रशंसा गर्नुभयो । मुलुकभित्र जति पनि सकारात्मक काम भइरहेका छन् ती सबैलाई जोडेर सामाजिक, आर्थिक रुपान्तरणसहित उन्नतशील राष्ट्र बनाउने अभियानमा सरकारले जोड दिइरहेको उहाँको भनाइ थियो । यस अभियान सफल बनाउनका लागि सरकार आवश्यक सहयोग रहने प्रतिबद्धता पनि जनाउनुभयो। कार्यक्रममा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह जोडीले) आश्रमले गरेको पुण्य कामको शब्दमा बयान गर्न नसकिने बताउनुभयो। सो क्रममा मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले देशका १९ जिल्लाका २४ शाखामा हाल एक हजार छ सय सहयोगापेक्षी आश्रित रहेको जानकारी दिनुभयो । शुक्रबार प्रधानमन्त्री कार्यालयबाट बिदाइ भएका मेची महाकाली उद्धार अभियानमा सहभागी ३८ जना अभियन्ताले भोलि मेची पुलबाट उद्धार थाल्ने उहाँले जानकारी दिनुभयो । कूल ३८ दिनसम्ममा तीन सयभन्दा बढी सडक आश्रित मानवलाई उद्धार गर्ने योजना छ। यसअघि पनि आश्रमले मेची महाकाली अभियान चलाइसकेको छ। आश्रमले विसं २०८२ सम्म देशलाई नै सडक मानव मुक्त बनाउने सङ्कल्प लिएको छ ।

अमेरिकामा
बसोबास तथा रोजगारको
सुनौलो अवसर
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टुडियो
मेनरोड बर्दिबास-१, महोत्तरी
सम्पर्क नं.:- ०४४-५५०५९५/९८५४०२०५९५

अब बर्दिबासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा-१ महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु

• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाडजोर्नी एवं नशा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स-रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

प्रो. राम किसुन चौधरी
श्री जयसी बाबा ग्याँस पसल
क्षीरेश्वरनाथ-५, महेन्द्रनगर सखुवा रोड
एन.एल + ग्याँस वानको अधिकृत बिक्रेता

यहाँ थोक तथा खुद्रा ग्याँस सिलीण्डरहरु पाईन्छ र राईस कुकर, कुकर, चुलो, रेगुलेटर, पाईप, लाईटर मर्मत गर्नुको साथै सुपथ मूल्यमा पाईन्छ।

जि.प्र.का. महोत्तरी दर्ता नं. ५६-२०७८-०७९
जि.हु.का, द.नं. ७-०८०/८१



# पूर्वाधार विकास परियोजनाहरू सुरक्षित र प्रकोपमैत्री बनाउन आवश्यक : गृहमन्त्री श्रेष्ठ

■ टक नेपाल

काठमाडौं । उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले ठूलो लगानी रहेका पूर्वाधार विकास परियोजनाहरु सुरक्षित र प्रकोपमैत्री बनाउन आवश्यक रहेको बताएका छन् । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। उनले बाजुरा भूकम्प, २०७२ सालको गोरखा भूकम्प, मेलम्ची विपद्, जुरे पहिरोलगायत पश्चिमी बाढी पहिरोबाट हुने गरेका क्षतिले विपद् व्यवस्थापनको क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेको कुरालाई प्रष्ट पारिरहेको बताए। उनले पहिरो र बाढी जस्ता प्रत्यक्ष रुपमा भौगर्भिक बनावट तथा संरचनासँग सम्बन्धित



प्रकोपहरुको सामना गर्नका लागि भूगर्भ र यो सम्बन्धित प्रकोपहरुकै बारेमा अध्ययन गरिरहेका अध्येताहरु देशका लागि आवश्यक रहेको बताए । उनले भने, 'पहिरो र बाढी जस्ता प्रत्यक्ष रुपमा भौगर्भिक बनावट तथा संरचनासँग सम्बन्धित प्रकोपहरुको सामना गर्नका लागि भूगर्भ र यो सम्बन्धित प्रकोपहरुकै बारेमा विज्ञता हासिल गरेका तपाईहरुको देशका लागि ठूलो आवश्यकता छ । गत साताकै बाजुरा भूकम्प, २०७२ सालको गोरखा भूकम्प, मेलम्ची विपद्, जुरे पहिरो लगायत पश्चिमी बाढी पहिरो बाट हुने गरेका क्षतिले विपद् व्यवस्थापनको क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेको कुरालाई प्रष्ट पारिरहेको छ । साथै ठूलो लगानी रहेका पूर्वाधार विकास र परियोजनाहरुमा सुरक्षित र प्रकोपमैत्री बनाउनु पनि उत्तिकै जरुरी भइसकेको छ । नेपाल सरकार यो तथ्यलाई मनन गर्दै आवश्यक स्थानमा तपाईहरुको प्रतिनिधित्व गराउन, तपाईहरुको ज्ञान र सान्दर्भिक कुराको कार्यान्वयन गर्न र आवश्यक नीति बनाउन सदैव तत्पर रहनेछ।' उपप्रधानमन्त्री श्रेष्ठले विपद् व्यवस्थापन र न्यूनीकरणका लागि आवश्यक नीति बनाउन सरकार तयार रहेको बताए ।

# सर्लाहीका सीडियो यादव र एसपी सुवेदीलाई बिदाई



■ टक नेपाल

सर्लाही । सर्लाहीबाट सरुवा भएका प्रमुख जिल्ला अधिकारी (सीडीओ) इन्द्रदेव यादव र प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदीलाई शुक्रबार विभिन्न कार्यालय र संघसंस्थाले बिदाई गरेका छन् । एकैसाथ सरुवा भएका सीडियो यादव र एसपी सुवेदीलाई विभिन्न निकायबाट बिदाई गरिएको हो । उनीहरु दुवैलाई कर्मचारी मिलन केन्द्रले संयुक्त रुपमा बिदाई गरेको छ । मलंगवा नगरपालिकाले सीडीओ यादवलाई बिदाई गरेको छ । प्रदेश सांसद कौशलकिशोर राय, मेयर नागेन्द्र प्रसाद यादवलगायत भएर बिदाई गरे । अपराध अनुसन्धान महाशाखा काठमाडौंमा सरुवा हुनुभएका एसपी सुवेदी शुक्रबार नै बिदाई भएर गइसकेका छन् । डीएसपी दीपेन्द्र पन्जियार थारुले नयाँ एसपी प्रवीण धिताल नआउन्जेल निमित्त प्रहरी प्रमुखको नेतृत्व सम्हाल्ने छन् । सीडीओ यादव भने शनिबार बिदाई भएर जाने जिल्ला प्रशासन कार्यालय मलंगवाले जनाएको छ । यादवको ईलाम जिल्लामा सरुवा भएको छ । नयाँ सीडीओ कोमल प्रसाद धमला सोमबार आउने छन् ।

# वित्तीय सुशासनमा माटो सुहाउँदो सुधार गर्न नेपाल प्रतिबद्ध : अर्थमन्त्री महत

■ टक नेपाल

काठमाडौं । अर्थमन्त्री डा प्रकाशशरण महतले वित्तीय सुशासन, पारदर्शितामा नेपाली माटो सुहाउँदो सुधार गर्ने प्रतिबद्धता जनाउनुभएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) का एशिया प्रशान्त हेर्ने उपप्रबन्ध निर्देशक बो लीसँगको भेटवार्तामा उहाँले यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो । भेटवार्तामा विस्तारित कर्जा सुविधा (इसिएफ) लिँदा नेपालले राष्ट्र बैंक ऐन संशोधन, वित्तीय क्षेत्रमा सुधार, मौद्रिक नीतिमा सुधारलगायतका विषयमा छलफल भएको थियो। अर्थमन्त्री महतले वित्तीय सुशासन, पारदर्शितालगायतका कुरा नेपालको माटो सुहाउँदो किसिमले सुधार गर्न प्रतिबद्ध रहेको तर वातावरण सुहाउँदो हुनुपर्ने र नेपालको केही आवश्यकता बुझिदिन पनि आग्रह गर्नुभएको थियो ।"वित्तीय सुशासन, पारदर्शिताप्रति प्रतिबद्ध छौँ तर सबै कुरा भनेजस्तो हुँदैन, हाम्रो आफ्नै संरचना पनि छन्", छलफलमा अर्थमन्त्री डा महतले भन्नुभयो, "बुझाइमा समस्या छ, के काम गर्ने भन्ने कुरामा स्पष्ट छौँ ।" जवाफमा उपनिर्देशक बो लीले भन्नुभयो, "सुधारको कुरा गर्नुहुन्छ भने हामी सकारात्मक छौँ, हामीले सुधार गर भन्ने नै हो ।" छलफलपछि इसिएफको तेस्रो किस्ताका लागि कर्मचारी तहमा भएको सम्झौता (एसएलए) आइएमएफ बोर्डबाट पारित गर्ने सहमति बनेको छ । आइएमएफ निर्देशक र अर्थमन्त्री डा महतबीचको छलफल सकारात्मक भएको मन्त्री महतको सचिवालयले जनाएको छ । थप सहयोग कहाँ के गर्न सकिन्छ भन्ने कुरा छलफल चलाउने र उपयुक्त निष्कर्ष निकाल्नेबारेमा पनि छलफल भएको थियो । छलफलमा अर्थसचिव कृष्णहरि पुष्कर, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी लगायतको उपस्थिति थियो ।





"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४





बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com